कनकाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जामुनबारी, झापा।
१ नं प्रदेश, नेपाल
सिलबन्दी दरभाउपत्रको सूचना

ठेक्का नं:-kanakai/SQ/5/2077-078
(दोस्रो पटक प्रकाशित मितिः२०७७/१२/२७)

यस कनकाई नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयका वाल विकास देखी कक्षा- ५ सम्मका विद्यार्थीहरुलाई चालु आ.व. २०७७/७८ का लागि आवश्यक पर्ने विद्यालय पोशाक ( तयारी ) सिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त रजिष्टर्ड निर्माता/कम्पनी/फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्रको माध्यमबाट बुझाउन/ यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरुः-

१. तपशिलमा उल्लेखित दस्तुर यस कार्यालयको नाममा रहेको ने.बै.लि. सुरुङ्गा शाखामा रहेको संचित खाता नं १४७०३०००००४००१०००००१मा नगद जम्मा गरेको सक्कल बैंक भौचर कम्पनी/फर्म वा सप्लायर्सहरुले वाणीज्य विभागबाट व्यवसाय नवीकरण समेत भएको इजाजत पत्र,मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी नगरपालिकाको राजश्व शाखाबाट यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ औ दिन सम्म खरिद गर्न सकिने छ। खरिद भएका दरभाउपत्र सम्बन्धि कागजात १६ औ दिनको १२ बजे सम्म यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं समेत स्पस्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी गरी पेश गर्नु पर्नेछ।
२. दरभाउपत्र सम्बन्धी कागजातमा भर्नु पर्ने सम्पूर्ण पानाहरु भरि पेश गर्नु पर्नेछ। प्राप्त भएका दरभाउपत्र बुझाउनुपर्ने अन्तिम दिनको २ बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरुको रहोबरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।
३. दरभाउपत्र बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवम खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोहि वमोजिम हुनेछ।
४. दरभाउपत्र जमानत यस कार्यालयको नाममा रहेको ने.बै.लि. सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं १४७०३०००००३००००००००१मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको नेपाल राष्ट्र बैंक बाट 'क' बर्गको मान्यता प्राप्त बैंकबाट वा कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन एवम ठेक्का नं अनिवार्य रूपमा उल्लेख भएको दरभाउपत्र जमानत (दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन सम्म म्याद भएको) पेश गर्नु पर्नेछ। बैंक मार्फत दरभाउपत्र जमानत पेश गर्नेहरुको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको दरभाउपत्र जमानत फारम अनुसार नै पेश भएको मात्र मान्य हुनेछ।
५. दरभाउपत्र दाताले दरभाउपत्रमा दर रेट भर्दा मूल्य अभिबृद्दी कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ। दरभाउपत्रमा प्रत्येक आइटमवाईज दर अंक र अक्षर दुबैमा स्पष्ट लेखि प्रत्येक पानामा सहिछाप गरेको हुनु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षर लेखिएको लाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा दरभाउपत्रदाताको सहिछाप भएको हुनु पर्नेछ।

हरिप्रसाद मिश्र
शाखा अधिकृत

मोहन प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

६. नक्कली कागजात पेश गरि वा मिलेमतो गरि दरभाउपत्रमा भाग लिएको पाइएमा सो दरभाउपत्र रद्द गरी कालो सुचिमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिने छ । म्याद नाघी आएको, रीत नपुगेको र ससर्त पेश भएको दरभाउपत्रहरु मान्य हुने छैन ।

७. आफुले सप्लाई गर्ने कपडाको नमुना दरभाउपत्र साथ पेश गर्नु पर्ने साथै कपडाको संख्या , नाप आदि सम्वन्धमा कार्यालयले तोके वमोजिम हुनेछ ।

८. दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ । यस सुचनामा उल्लेख नभएका कुरा हरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

९. यो सुचना सम्बन्धि विस्तृत विवरण तथा तयारी पोशाकको नमुना नगरको शिक्षा शाखाबाट प्राप्त गर्न सकिनेछ ।

१०. यो सूचना यस कार्यालयको वेबसाइट www.kankaimun.gov.npमा हेर्न सकिनेछ ।

| क्र.सं | विवरण | आवश्यक संख्या | ल.ई रकम (मू.अ कर सहित) | धरौटी रकम | दरभाउपत्र दस्तुर | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक विद्यालयका वाल विकास देखी कक्षा-५ सम्मका विद्यार्थीका लागि पोशाक | ३००० सेट | रु १६,०००००।- | रु ४०,०००. /- | रु.१,००० /- | दरभाउपत्र | |

हरिप्रसाद मिश्र
शाखा अधिकृत

मोहन प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत